गुल-बकवलीको कथा सिद्ध । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-१७ ● २०७७ कात्तिक २४ गते सोमबार, ● 02 Nov. 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## खेलकुद खबर



### टिष्टुङमा अष्टमान स्मृति फुटबल प्रतियोगिता

◆ विकास संवाददाता

थाहा नगपालिका वडा नम्बर ११ ले टिष्टुङ्मा पुर्व जनप्रतिनीधिको स्मृतिमा खेलकुद प्रतियोगिता शुभारम्भ गरेको छ । वडा नम्बर ११ मा क्रियाशील सृजनशील टोल विकास विकास संस्थामार्फत् पुर्व जनप्रतिनीधि अष्टमान बलको स्मृतिमा २१ कात्तिकबाट फुटबल प्रतियोगिता शुरू भएको हो ।

थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले फुटबल प्रतियोगिताको उद्‌घाटन गरे । प्रतियोगिताको उद्‌घाटन गर्दै नगरप्रमुख विष्टले स्वर्गीय अष्टमान बलको सामाजिक एवम् राजनीतिक योगदानको चर्चासमेत गरेका थिए ।

आयोजक संस्थाका अध्यक्ष वित्रम गोलेको अध्यक्षतामा सम्पन्न प्रतियोगिताको उद्‌घाटन कार्यत्रममा नेपाल पत्रकार महासंघका बागमती प्रदेश अध्यक्ष प्रताप विष्ट, मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिका लामा, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष सानु लामा, जिल्ला बडी बिल्डर्स संघका अध्यक्ष सुनिल लोप्चन लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

१७ टिमको सहभागिता रहेको प्रतियोगितामा प्रथम हुनेले नगद ४० हजार नगद, शिल, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन् भने द्धितिय हुनेले २५ हजार नगद, शिल, मेडल, प्रमाणपत्र र तृतिय हुनले नगद १५ हजार सहित शिल,मेडल,प्रमाणपत्र प्राप्त गर्ने थाहा-११ का वडा अध्यक्ष किरण बल जानकारी दिए ।

# थाहामा संक्रमणले गति लिँदै


विकास संवाददाता

थाहा नगर

मकवानपुर थाहा नगरपालिकामा कोरोना भाइरसको संक्रमितको संख्या ५३ पुगेको छ । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका विविध विधि अपनाइरहेको थाहानगरमा संक्रमणको विवरण (डाटा) उकालो लागिरहेको नगरपालिकाको तथ्याङ्कले देखाएको छ । शुरूका दुई महिना चैत्र र वैशाख महिनामा शुन्य संक्रमित रहेको थाहा नगरपालिकामा संक्रमणको पहिलो महिना जेठमा दुई जनामा संक्रमण पुष्टि भएको थियो ।

थाहा नगरपालिमा महिनै पिच्छे संक्रमितको संख्या बढ्दै गइरहेको थाहानगर कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सचिवालयका संयोजक विवेक विडारीले जानकारी दिए । थाहामा असार र साउन महिनामा पाँच/पाँच जना संक्रमित थपिएकोमा भाद्र महिनामा उक्त तथ्याङ्क दुई अंकमा प्रवेश गरेको थियो । अर्थात, भाद्र महिनामा मात्र दश जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । त्यस्तै असोजमा १५ र कात्तिक महिनाको २१ गतेसम्मको अद्यावधिक तथ्याङ्क अनुसार १६ जनामा संक्रमण पुष्टि भैसकेको छ ।

### थाहा नगरपालिकामा कोरोना संक्रमणको अवस्था




© विकास खबरपत्रिका इन्फोग्राफिक्स

### चार वडामा शुन्य संक्रमण

थाहा नगरपालिकाको चार वटा वडामा कोरोना भाइरस संक्रमण शुन्य रहेको छ । थाहा नगरपालिकाको वडा नम्बर ५, ८, ९ र १२ का कुनै पनि कोरोना संक्रमण नदेखिएको नगरपालिकाले जानाएको छ । पालिकाले दैनिक रूपमा सार्वजनिक गर्ने कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सचिवालयको रिपोर्ट अनुसार सबै भन्दा बढि वडा नम्बर ६ मा १९ जना संक्रमित छन् ।

दैनिक रिपोर्ट अनुसार वडा नम्बर १, १० र ११ मा १/१ जना संक्रमित छन् भने वडा नम्बर २ र ७ मा ४/४ जना संक्रमित रहेका छन् । वडा नम्बर ३ मा ९ र ४ नम्बर वडामा १४ जनामा संक्रमण भएको थाहा नगरपालिकाले जनाएको छ ।

यसैबीच संक्रमित भएका मध्ये अधिकांश पुरूष रहेका छन् । नगरभरी ५३ जना संक्रमित भएकोमा ४४ पुरूष र ९ जना मात्र महिला रहेका छन् ।

### ९ जना सक्रिय संक्रमित

थाहा नगरपालिकामा ९ जना सक्रिय संक्रमित रहेका छन् । संक्रमितहरू सबै होम आइसोलेशनमा रहेका छन् । होम आइसोलेशनमा रहेका मध्ये ३ जना स्वास्थ्यकर्मी मात्र रहेका छन् । कुल ५३ संक्रमित मध्ये ४२ जना निको भैसकेका छन् । नगरपालिकाको अभिलेख अनुसार २ जनाको कोरोना संक्रमणका कारण मत्यू भैसकेको छ ।

यद्यपि थाहा नगरपालिकामा स्थायी घर भई अन्यत्र उपचारको क्रममा अरू २ जनाको पनि ज्यान गएको जनाइएको छ । यो तथ्याङ्लाई पनि आधार मान्ने हो भने थाहानगरमा ४ जनाको कोरोना संक्रमणकै कारण ज्यान गैसकेको छ ।

### स्वास्थ्यकर्मीलाई 'डाइट' खर्च, मृतकलाई १ लाख

थाहा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूलाई कोरोना संक्रमण भई होम आइसोलेशनमा बसेमा दैनिक पाँचसय रूपियाँ 'डाइट' प्रोत्साहन रकम दिने भएको छ । कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सचिवालय थाहानगरले यस्ता निर्णय गरेको हो । होम आइसोलेशन अवधि भने १४ दिनलाई मात्र मान्ने समेत सचिवालयको निर्णय छ ।

त्यस्तै कोरोना संक्रमणकै कारण नगरबासी कसैको मृत्यू भएमा पीडित परिवारलाई १ लाख रूपियाँ दिने नगरपालिकाको निर्णय रहेको छ । थाहा नगरपालिकाको नगरसभाको निर्णय अनुसार उक्त आर्थिक सहायता प्रदान गरिने नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । आर्थिक सहायताका लागि पीडित परिवारले वडा कार्यालयको सिफारिस, संक्रमण सम्बन्धी अस्पतालको कागजात, मृत्यू दर्ता, कोभिड-१९ कै कारण मृत्यू भई संघीय सरकारको तथ्याङ्कमा समावेश भएको प्रमाण लगायतका कागजात चाहिने नगरपालिकाले जनाएको छ ।

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
*इन्द्रायणीचौर, मकवानपुर*

## नेपाल सरकारको सूचना !

*स्वास्थ्य नै ठूलो धन हो ।*
*कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,*
*जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरु अनिवार्य रुपमा पालना गरौं ।*

- अत्यावश्यक काम बाहेक अन्तराष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवतजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरूमा आवत जावत गर्दा अनिवार्य रूपमा मासक लगाऔं ।
- अनावश्यक भिडभाड नगरी, भौतिक दुरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोध, पालना गरौं ।

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

# • सम्पादकीय •

## अब झन् सतर्कता आवश्यक

नेपालमा कोरोना संक्रमणले महामारीकै रुप लिइसकेको छ। संक्रमणको सात महिना बितिसक्दा पनि नियन्त्रणको कुनै संकेत देखिएको छैन, बरु अझै महामारी बढ्ने आँकलन विज्ञहरुले गरिरहेका छन्। भ्याक्सिनको पत्तो नलाग्दासम्म सतर्कताका साथ कोरोनासँग लड्दै जीवनयापन गर्नुको विकल्प अब मानव समुदायसँग छैन। यो बाध्यात्मक परिस्थितिमा स्वास्थ्य सतर्कता अपनाउन सकिएन भने ज्यान गुमाउने क्रम पनि रोकिने छैन। नेपालमा कोरोना संक्रमितको मृत्यु दर हेर्ने हो भने अहिले हरेक दुई घण्टामा एकजनाको ज्यान गइरहेको छ। दिनहुँजसो दुई अंकको मृत्यु दर घटेको छैन। यो संख्या चिसो मौसमसँगै अझ बढ्न सक्ने अनुमान चिकित्सकहरुले गरिरहेका छन्। चिसो मौसम मात्रै होइन यतिबेला चाडवाडको मौसम पनि छ। खानपान, जमघट हुने यस्तो बेलामा स्वास्थ्य सतर्कता अपनाइएन भने कोरोना महामारीले अझै भयावह रुप लिने निश्चित छ। यो कुरालाई जनस्वास्थ्य विज्ञहरुले हजारौं पटक दोहोऱ्याइरहेका छन्। मास्क लगाउने, साबुन पानीले मिचिमिची हात धुने, भीडभाडमा नजाने, दूरी कायम गरेर बस्ने जस्ता जनस्वास्थ्यका सुरक्षा सतर्कता अहिले मान्छेका लागि अनिवार्य दैनिकी हुनुपर्छ। यसो गर्न सकिएन भने सबैभन्दा बढी जोखिममा ज्येष्ठ नागरिक पर्छन्। तुलनात्मकरुपमा अरु भन्दा ज्येष्ठ नागरिक कोरोना महामारीको उच्च जोखिममा छन्।

विश्वको तथ्यांकले पनि कोरोनाले सबैभन्दा बढी असर ज्येष्ठ नागरिकहरुलाई नै गरेको देखाउँछ। अमेरिका जस्तो सुविधासम्पन्न देशले पनि आफ्ना ज्येष्ठ नागरिकलाई कोरोनाबाट बचाउन सकेन। त्यहाँ कोरोनाले मृत्यु हुनेको कुल संख्यामध्ये ८० प्रतिशत मृत्यु ज्येष्ठ नागरिकको छ। त्यसैले कोरोना लागिसकेपछि ज्येष्ठ नागरिकलाई बचाउन धौ–धौ नै पर्छ। तसर्थ त्यो क्षति रोक्ने उत्तम विकल्प भनेकै ज्येष्ठ नागरिकहरुलाई संक्रमणबाट जोगाउने नै हो। नेपालमा अहिलेसम्म सात सय ९१ ले ज्यान गुमाइसकेका छन्। ती मध्ये अधिकांश ६० वर्षमाथिकै उमेर समूहका संक्रमितको ज्यान गएको तथ्यांक छ। यो अझै तीब्र गतिमा बढ्ने अनुमान विज्ञहरुको छ। वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा २१ लाख ५४ हजार चार सय १० अर्थात कुल जनसंख्याको आठ दशमलव १३ प्रतिशत ज्येष्ठ नागरिक छन्। त्यो संख्या अहिले झण्डै ३० लाख पुगिसकेको अनुमान छ। यति ठूलो जनसंख्या उच्च जोखिममा रहँदा सुरक्षा सतर्कता पनि त्यति नै धेरै गर्नुपर्नेछ। ज्येष्ठ नागरिक र बालबालिका नभएका घर सायदै होलान्। त्यसैले कोरोनाको उच्च जोखिम हरेकजसो घरमा छ। ज्येष्ठ नागरिक त्यसै त सहारा चाहिने समूह हो। जनस्वास्थ्य विज्ञकाअनुसार रोग प्रतिरोधात्मक शक्ति क्षीण भएको अवस्थामा रहेका ज्येष्ठ नागरिकहरुलाई संक्रमणबाट जोगाउन सकिएन भने आउने दिनमा हरेक घरबाट एउटा–एउटा शव निकाल्नुपर्ने दिन धेरै कुर्नुपर्ने छैन। किनभने धेरैजसो ज्येष्ठ नागरिकमा मुटु रोग, प्रेसर, दम, क्यान्सर, सुगरजस्ता दीर्घ रोग छन्।

दीर्घरोग हुने मान्छेहरुमा रोग प्रतिरोधात्मक शक्ति कमजोर हुन्छ। रोग प्रतिरोधात्मक क्षमता कमजोर हुनेहरुलाई कोरोना संक्रमण भइहाले बचाउन गाह्रो छ। मृत्यु दरले पनि त्यही पुष्टि गरेको छ। तसर्थ दीर्घरोग भएका सबै उमेर समूहका व्यक्ति, बालबालिकासँगै ज्येष्ठ नागरिकहरुलाई कोरोना संक्रमण हुनबाट जोगाउन उच्च सतर्कता आवश्यक छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहबाट नागरिकको अपेक्षा

नेपालको संविधान (२०७२) को धारा २६ मा व्यवस्था भएअनुसार संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको मुख्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ भने राज्य शक्तिको प्रयोग भने संविधानअनुसार तत् स्थानीय सरकारले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था छ। सोहीअनुसार स्थानीय सरकारको रूपमा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगर पालिकाहरूले कानुनतः समान अधिकार को प्रयोग गरिरहेका छन्। हाल नेपालमा ४ सय ६० गाउँपालिका, २ सय ७६ नगर पालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका गरी ७ सय ५३ स्थानीय तहहरू रहेका छन्।

लोकतन्त्रको सबै लाभलाई समन्यायिक रूपमा उपयोग गर्न शासन प्रणालीमा समावेशिता एवं समानुपातिक प्रणाली अवलम्बन गरी नागरिकलाई आफूले चुनेको प्रतिनिधिले शासन गरेमा आफैं शासनमा सहभागी भएको अनुभूति दिलाउने उद्देश्यले स्थानीय तहको व्यवस्था भएको छ। यसबाट सबै नागरिकले नजिकको सरकारबाट उत्तरदायीपूर्ण रूपमा सहज, सरल, छिटो, छरितो, कम लागतमा बिना झन्झट सेवा प्राप्त गर्नेछन् र विकासमा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता, अपनत्व ग्रहण र दिगो विकास हासिल गर्न सहयोग पुग्नेछ भन्ने विश्वास राखिएको पाइन्छ।

**व्यावहारिक समस्याः**

संविधानको अनुसूचीमा उल्लिखित एकल अधिकारको विषयमा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको कार्य विस्तृतीकरणका आधारमा आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय कार्यपालिका र सभाबाट स्थानीय कानुन बनाउन सक्ने व्यवस्था भएबाट स्थानीय तहमा कानुन निर्माणका विषयहरूमा खासै समस्या छैन तर संघीय सरकारबाट निर्माण हुने कर्मचारी सञ्चालन कानुन नबन्दा अनेकन समस्या छन् जसले समष्टि स्थानीय तहको परिचालनमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा गिजोलेको छ। त्यस्तै, केन्□ सरकारबाट अनुसूची ८ मा उल्लेख भएको अधिकारका विषयहरूमा अझै पनि पूर्ण अधिकार प्राप्त नभएको अवस्था देखिन्छ, जुन बिस्तारै पूरा होला तर व्यावहारिक प्रयोगका समस्या र निर्णय कार्यान्वयन र समन्वयमा अनेकन समस्याहरू रहेका छन्। ती समस्याहरूलाई सहज रूपमा समाधान गर्नु नै स्थानीय सरकारको मुख्य चुनौती देखिन्छ।

स्थानीय तहमा मुख्य समस्याको रूपमा रहेको कर्मचारी व्यवस्थापनको पाटो कर्मचारी समायोजन र लोकसेवा आयोगबाट केही मात्रामा पदपूर्ति भएसँगै समस्या अलि कम भए तापनि अझै पनि झन्डै १६ हजार जति कर्मचारी रिक्त नै देखिन्छ। त्यस्तै गरी विशेष प्रदेश २ का अधिकांश स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटिन नसक्दा त्यहाँका स्थानीय तहहरू निमित्तको भरमा सञ्चालन हुनुपरेको छ, जसको प्रत्यक्ष असर उत्तदर दायित्व प्रवर्द्धन, नीति कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनमा ठूलो समस्या देखिन्छ। कतिपय स्थानीय तहले हालसम्म सभासमेत गर्न सकेका छैनन्। त्यस्तै, स्थानीय तहको सेवा सञ्चालन गर्ने कानुनको अभाव हुँदा कर्मचारीको वृत्ति विकासको सुनिश्चितता हुन सकेन जसले गर्दा कर्मचारीको मनोबल र उत्प्रेरणा वृद्धि नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष अप्रत्यक्ष असर परेको छ। स्थानीय तहमा रहेका कर्मचारीको क्षमता विकास, सरूवा, सेवासुविधा वितरणलगायतका कार्यसमेत सोही कारण प्रभावकारी हुन सकेको छैन। कुन निकायले सेवाकालीन तालिम दिने हो सो नै हालसम्म प्रस्ट छैन।

स्थानीय तहको अर्को समस्या योजना तर्जुमा र बजेट निर्माण कार्य हो। एउटै कर्मचारी बजेट कार्यान्वयनमा निरन्तर खटिनुपर्ने अनि उसैले प्रत्यक्ष रूपमा बजेट निर्माणमा समेत लाग्नुपर्ने भएबाट प्रत्येक वर्ष बजेट निर्माण कार्य हतार हतारमा निर्माण भएको छ। स्थानीय तहले आफैले संकलन गर्ने स्रोतको सीमितता दरबन्दी सिर्जना गर्न कठिनाइलगायतका कारण



सुवास श्रेष्ठ

**स्थानीय तहको मजवुतिको मुख्य आधार तर उपेक्षित क्षेत्रको रूपमा आन्तरिक राजस्व संकलन रहेको छ नेतृत्व र प्रशासनिक संयन्त्र दुवैमा आन्तरिक स्रोतको मजबुती नै स्थानीय तहको सबलीकरण हो भन्ने विषयले स्थान पाउन सकेको छैन। घर वहाल कर पूर्ण रूपमा स्थानीय तहको क्षेत्राधिकारभित्र रहे तापनि सोचेअनुसार राजस्व रकम संकलन हुन सकेको छैन। स्थानीय तहको मुख्य राजस्व स्रोतको रूपमा रहेको नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा, भरौटलगायत) को ठेक्का व्यवस्थापनमा समेत प्रभावकारिता आउन सकेको देखिँदैन। कतिपय स्थानमा परिमाण देखाउने, ठेक्का बन्दोबस्तपश्चात् नियमित अनुगमन नगर्ने र मिलेमतोमा बढी परिमाण उठाउन दिनेजस्ता समस्या देखिएका छन्।**

कर्मचारी संख्या थप गर्न नसक्दा प्रत्येक वर्ष बजेट निर्माण प्रक्रिया पुरानै ढर्रामा सीमित देखिन्छ। त्यस्तै कानुन निर्माण प्रक्रिया पनि वस्तुपरक हुन सकेको छैन। नमुना कानुनकै भरमा कानुनहरू बन्ने गरेका छन। स्थानीय तहसँग विज्ञताको अभाव, सरोकारवाला निकायको सहभागिता सुनिश्चितता गराउन नसक्नुजस्ता समस्याबाट कानुनहरू धेरै बनेका भए तापनि कार्यान्वयनको चरणमा नाजुक अवस्थामा छन्। जनप्रतिनिधिको निरन्तर क्षमता विकास गर्ने संरचना नहुनु, कर्मचारीमा विज्ञताको अभाव हुनुजस्ता कारणबाट निर्णय निर्माणमा प्रचलित कानुनको उपेक्षा र वस्तुनिष्ट निर्णय हुन नसकेको जस्तो देखिन्छ भने कतिपय स्थानीय तहमा जनप्रतिनिधिले आफ्नो अधिकार बिर्सदा खरिद व्यवस्थापनमा जनप्रतिनिधि र कर्मचारीबीचमा मनमुटावको विषय बनेको पाइन्छ।

त्यस्तै, कतिपय स्थानीय तहमा जनप्रतिनिधिले अनावश्यक सुविधा प्राप्तिमा चासो राख्नु, कानुन निर्माण नगरिकनै आर्थिक सुविधा वितरणमा हौसिनु, महत्वपूर्ण र उत्पादनमुखी आयोजनाहरूमा बजेट विनियोजन नगरी बजेट टुक्राएर सानो सानो इकाइमा खर्च गर्न रमाउनु, एकीकृत विकास योजना वा आवधिक विकास योजना तर्जुमा गर्न नसक्नु, आवधिक योजना तर्जुमा गरेका स्थानीय तहले समेत योजना विकासलाई स्थान नदिई आफ्नो वडामा बढी बजेट लाने ध्याउन्न मात्र राख्नु, आयोजना बैंक स्वीकृत गर्ने र आवश्यक आयोजना सोही बैंकमार्फत छनोट गर्ने प्रचलनको कमीजस्ता समस्या देखिन्छ।

स्थानीय तहको मजवुतिको मुख्य आधार तर उपेक्षित क्षेत्रको रूपमा आन्तरिक राजस्व संकलन रहेको छ नेतृत्व र प्रशासनिक संयन्त्र दुवैमा आन्तरिक स्रोतको मजबुती नै स्थानीय तहको सबलीकरण हो भन्ने विषयले स्थान पाउन सकेको छैन। घर वहाल कर पूर्ण रूपमा स्थानीय तहको क्षेत्राधिकारभित्र रहे तापनि सोचेअनुसार राजस्व रकम संकलन हुन सकेको छैन। स्थानीय तहको मुख्य राजस्व स्रोतको रूपमा रहेको नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा, भरौटलगायत)को ठेक्का व्यवस्थापनमा समेत प्रभावकारिता आउन सकेको देखिँदैन। कतिपय स्थानमा परिमाण देखाउने, ठेक्का बन्दोबस्तपश्चात् नियमित अनुगमन नगर्ने र मिलेमतोमा बढी परिमाण उठाउन दिनेजस्ता समस्या देखिएका छन्। यसले गर्दा स्थानीय तहको राजस्व संकलन र उत्तरदायित्व प्रवर्द्धन स्खलित अवस्थामा रहेको छ। स्थानीय तहले प्रत्येक वर्ष बजेट तर्जुमा गर्दा नै पुस १५ गते भित्रमा राजस्वको सम्भाव्यता अध्ययन र प्रक्षेपण गरी कार्यपालिकाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था भए तापनि अधिकांश स्थानीय तहले राजस्व सम्भाव्यता अध्ययन गरेको पाइँदैन। अत : प्रत्येक स्थानीय तहले आन्तरिक राजस्व रकम संकलनका लागि कार्ययोजना बनाई नियमित असुलीको व्यवस्था मिलाई आफूलाई सबल र सक्षम बनाउँदै लैजानुपर्ने देखिन्छ।

संघीय सरकारबाट प्राप्त हुने विकास बजेटको आकार बढाउनुपर्ने देखिन्छ। वित्तीय सामान्यीकरणभन्दा पनि ससर्त, समपूरक र विशेष अनुदान शीर्षकमा बजेटको आकार बढाउनुपर्ने हुन्छ। उल्लिखित व्यवस्थाबाट स्थानीय स्रोत साधनको परिचालन, राजस्वको अधिक संकलन गर्ने स्थानीय तहले उल्लिखित रकम बढी पाउन सक्नेछन्। यस व्यवस्थाबाट स्थानीय तहमा सिर्जनशीलता र सकारात्मक प्रतिस्पर्धाको विकास हुन सक्ने देखिन्छ।

प्रदेश सरकारले सञ्चालन गर्ने कार्यक्रममा स्थानीय तहसँग समन्वय नहुँदा विकासका काममा दोहोरोपना आउने देखिएको छ। हिजो जिल्लामा छरिएर रहेहा विकासे अड्डाहरू (कृषि, पशु सेवा, स्वास्थ्य, सिँचाइ, सहरी विकास आदि)कै झल्कोमा अहिले प्रदेश सरकारबाट सञ्चालन हुने केही

बाँकी पेज ३ मा

# स्थानीय तहबाट नागरिकको ..... .. . . . . .

कार्यक्रममा दोहोरोपना झल्केको देख्न सकिन्छ । साना साना १ लाखे योजनासमेत प्रदेश सरकारले सञ्चालन गरिरहेको छ । उदाहरणको रूपमा झापाको गौरीगन्ज गाउँपालिकामा प्रदेश सरकारले विनियोजन गरेको १ लाखे आयोजना फछ्र्यौट गर्न प्रादेशिक सहरी कार्यालय इलाम जानुपरेको अवस्था छ । अहिलेको संघीयताको मोडल यो हुँदै हैन । त्यस्तै, ज्ञान केन्द्रजस्ता अड्डाले स्थानीय तहमा वितरण गर्ने अनुदान समन्वय नगरी नै वितरण गरिरहेको छ, कृषिका बीउबिजन अब प्रदेश सरकारले बाँड्ने हैन स्थानीय तहले नै वितरण गर्नुपर्छ । कृषि अनुदान वितरण गर्दा अनिवार्य रूपमा स्थानीय तहसँग समन्वय खोजिनुपर्छ नत्र संघीयताको नाममा फेरि पनि पहुँचवालाको नै हालीमुहाली हुने देखिन्छ । प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रादेशिक स्वास्थ्य विभागले करोडौंको औषधि खरिद गरी जिल्ला स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहमा पठाउँछ (हिजो केन्द्रको क्षेत्रीय मेडिकल स्टोरले खरिद गर्थ्यो ।) सो औषधि स्थानीय तहसम्म आउँदा आधा औषधिको म्याद समाप्त हुने अवस्थामा हुन्छन् र अधिकांश औषधि जलाउनुपरेको छ । सबै स्थानीय तहमा न्यूनतम बजेट बाँडेर दिने हो भने आधा बजेट बचत हुन्छ ।

विकास बजेट बाँडफाँड हुँदा स्थानीय तहको आवश्यकता पहिचानका आधारमा वितरण हुन जरूरी छ भने संघ, प्रदेश र स्थानीय तहले कति रकम सम्मका आयोजना सञ्चालन गर्ने हो प्रस्ट किटान हुन जरूरी देखिन्छ । संविधानले तिन तहको सरकारबीचमा सहकारिता समन्वय र सहअस्तित्वको कल्पना गरी एकआपसमा एकल र साझा अधिकारको व्यवस्था गरेको छ । यसबाट पनि स्पष्ट हुन्छ कि तीन तहका सरकार अलगअलग नभई एउटै राज्यका शासन प्रणालीका अवयवहरू हुन् । संघीय सरकारले प्रदेश र स्थानीय सरकार बीचमा खासै समन्वय भएन भन्ने आरोप छ भने प्रदेश सरकारले स्थानीय सरकारलाई गन्दै नगन्ने र स्थानीय सरकारले प्रदेश सरकारलाई टेर्दै नटेर्ने भन्ने आरोप छ । अब पनि एक आपसमा सन्वय र सहकारिता र सहअस्तित्वको आधारमा नचल्ने हो भने संघीयता नागरिकको लागी बोझ मात्र बन्न सक्ने देखिन्छ ।

**नागरिकको अपेक्षा र आशा लाग्दो अवस्था:**

संवैधानिक परिकल्पनाले नै नजिकको सरकारको रूपमा स्थानीय तहलाई मानेको छ । सोहीअनुसार हिजोका शासकीय संरचना भत्काउँदै स्थानीय तहमा विभिन्न विषयगत कार्यालयका शाखाहरू (शिक्षा, स्वास्थ्य, महिला बालबालिका, कृषि, पशु) हस्तान्तरण भई नागरिकको घर नजिकैको कार्यालयबाट सेवा प्रवाहको काम भएको छ । नागरिकलाई आधारभूत सेवा स्थानीय वडा र पालिकाबाट नै वितरण हुनेगरी संरचना तयार भएका छन् ।

जनप्रतिनिधि आफ्ना नजिकका गुनासो सुन्ने र सहयोग गर्ने व्यक्तिहरू हुन् भन्ने आम नागरिकमा बुझाइ छ र स्थानीय वडा र पालिकाबाट बिनाझन्झट छिटोछरितो सेवा प्रवाह प्राप्त भएको महसुस गर्न चाहन्छन् । आफ्ना दैनिक जीवनका विविध कार्यमा आउने समस्यासमेत वडाध्यक्षले समाधान गरिदिन सहयोग गर्छ भन्ने बुझाइ छ भने नागरिकता निर्माणमा आउने समस्या, व्यक्तिगत घटनाका समस्या, स्थानीय मुद्दा मिलापलगायत विविध किसिमका समस्या समाधानका विषयमा समेत जनप्रतिनिधिप्रति सहयोगको अपेक्षा राख्छन् । त्यस्तै, विकास निर्माणमा क्षेत्रमा त झनै चासो र अपेक्षा राख्छन् । प्रदेश सर कार र संघीय सरकारमार्फत सञ्चालन हुने हरेक आयोजना र कार्यक्रमका सन्दर्भमा आउने समस्या र आयोजना एवं कार्यक्रम माग गर्ने सन्दर्भमा समेत जनप्रतिनिधिप्रति उच्च अपेक्षा राख्ने गरेको पाइन्छ । संघीय र प्रदेश सरकारबाट स्वीकृत भएको आयोजनाको कार्यमा निर्माण व्यवसायीले तोकिएको समयमा कार्यसम्पादन नगर्दा स्थानीय जनप्रतिनिधिलाई दबाब दिने, डेलिगेसन जाने एवं गालीगलौज गर्ने कार्य भएका छन् किनकि सबैभन्दा नजिकको जिम्मेवार व्यक्ति नै उनीहरूले स्थानीय जनप्रतिनिधि देख्छन् ।

यस्तै, स्थानीय नेतृत्व आएपछि हालसम्म आइपुग्दा केही अपवादका विषयबाहेक आशा लाग्दो अवस्था नै देखिन्छ । संविधानले परिकल्पना गरेअनुसार स्थानीय सरकारको बढी समय सरकारको रूपमा आफूलाई नागरिकसामु हैसियत स्थापित गर्न नै लागेको छ । नागरिकका अधिकांश सिफारिसहरू वडा तहबाट सम्पादन हुने गरेका छन् । विकासका ठूलो बजेट वडा स्तरबाट परिचालित हुँदा स्थानीय उपभोक्ता समितिहरूको नाममा वडावासी परिचालित भएका छन् भने स्थानीय स्रोत, साधन र सीपको प्रयोगमा बढोत्तरी भएको छ ।

त्यस्तै, जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध सुमधुर भएको छ । सुरूका दिनमा धेरै स्थानीय तहमा असमझदारी बढेको भए तापनि हालको दिनमा सम्बन्ध प्रगाढ भएको छ । त्यस्तै, संविधानको अनुसूची ८ मा उल्लेख भएअनुसार स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयमा धमाधम कानुनहरू निर्माण भएका छन् । कर्मचारी व्यवस्थापनको कार्य केही हदसम्म भए पनि सुल्झिएको छ तर पर्याप्त छैन । स्थानीय तहमा मुख्य गरेर कृषि, पशु, स्वास्थ्य, शिक्षा र महिला बालबालिका शाखा हस्तान्तरण भएका छन् जसबाट लाखौं नागरिकले आधारभूत सेवा सहज रूपमा प्राप्त गरेका छन् । संघीय सरकार र प्रदेश सरकारले स्थानीय तहको मागको आधारमा समपूरक र विशेष अनुदान प्रदान गर्ने परम्परा बसेको छ, जसबाट आयोजना सञ्चालनमा एकरूपता कामय भएको छ । नागरिक स्तरमा खबरदारी गर्ने क्रम बढको छ । कतिपय स्थानीय तहमा आफ्नै पूर्वाधार ल्याबसमेत स्थापना भएका छन्, जसबाट विकासका कार्यमा गुणस्तर कायम गर्ने कुरामा स्थानीय तह मजबुत रूपमा लागेको देखिन्छ ।

**निष्कर्ष:**

स्थानीय तह सञ्चालन भएको तीन वर्ष पूरा भएको छ । संविधानले परिकल्पना गरेको सहकारिता समन्वय र सहअस्तित्वका आधारमा चल्नेगरी परिकल्पना भए तापनि स्थानीय तहसँग सरोकार राख्ने संघीय इकाइसँगको सम्पर्क गर्ने निकायको सम्पर्क र समन्वयको स्तर फितलो हुँदा आशातीत रूपमा स्थानीय तहका गुनासाहरू सम्बोधन हुन सकेको छैन । नागरिकको अपेक्षा चुलिँदो छ भने जनप्रतिनिधिको अपेक्षासमेत महत्वाकांक्षी छ । यी सबै कुराको तालमेल मिलाएर सबल र सक्षम स्थानीय तह निर्माण गर्नुपर्ने आजको आवश्यकता छ । विशेष गरी प्रादेशिक कार्यक्रम र आयोजना सञ्चालनमा अझै पनि समन्वय हुन जरूरी देखिन्छ । संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाको बजेट सीमा तोक्ने मापदण्ड बनाई कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । स्थानीय

> संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाको बजेट सीमा तोक्ने मापदण्ड बनाई कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । स्थानीय तहलाई मर्मअनुरूप नै सबल बनाउने हो भने अझै बजेटको आकारलाई बढाउनुपर्ने देखिन्छ ।

तहलाई मर्मअनुरूप नै सबल बनाउने हो भने अझै बजेटको आकारलाई बढाउनुपर्ने देखिन्छ भने स्थानीय तहमा कार्यरत कर्मचारी सञ्चालन गर्ने स्थानीय सेवा सञ्चालन कानुन तत्काल निर्माण गर्न आवश्यक छ ।

सबै स्थानीय तहको ओ एन्ड एम सर्भे गरी दरबन्दीमा पुनरावलोक गर्नसमेत जरूरी छ भने तराईका अधिकांश गाउँपालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दीलाई स्तरवृद्धि गरी राप द्वितीय स्तरमा लैजान जरूरी छ । संघीय सरकारका जिल्लास्तरमा रहेका विगतका प्रायः सबै कार्यालय खारेज भएको, साविकाको जिल्ला विकास समितिसमेत नरहेको हुँदा अब स्थानीय नागरिकको सबै प्रकारको आशा र भरोसाको केन्द्र नै स्थानीय तह भएकाले यसको सुदृढीकरण, सबलीकरण र क्षमता वृद्धि गरी सबै नागरिकको सबैभन्दा नजिकको स्थानीय सरकारको रूपमा स्थापित गर्नका लागि संघ र प्रदेश दुवै सरकार लागिपर्नुपर्ने आजको आवश्यकता देखिन्छ तब मात्र संघीय शासन पद्धतिको मजबुती हुने कुरामा ढुक्क हुन सकिन्छ ।



# रोग प्रतिरोधात्मक क्षमता बढाउने तरिका

कोभिड-१९ महामारीले विश्वव्यापी रूप लिएसँगै गत चैत अन्तिम साता स्वास्थ्य तथा जनसत्त्या मन्त्रलाय मातहतको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले जनहितमा एक सूचना जारी गर्दै रोग प्रतिरोधी क्षमता बढाउने जडिबुटीको नियमित सेवन गर्न आह्वान गर्‍यो ।

कोरोनाको विश्वसनीय खोप तथा औषधि पत्ता नलागेको अवस्थामा विभागले शरीरको प्रतिरक्षा प्रणालीलाई मजबुद बनाउन 'एन्टिव्याक्टेरियल' तथा 'एन्टिभाइरल' गुण भएका जडिबुटीको सूचीसहित नियमित सेवन गर्ने बानी बसाल्न अनुरोध गर्‍यो । ती जडिबुटीमा गुर्जो, बेसार, सुठो, मरिच, दालचिनी तथा पिपला, असुरो, तुलसी र तेजपात थिए ।

स्वास्थ्य मन्त्रालयले पनि आयुर्वेद तथा वैकल्पिक चिकित्साका क्षेत्रमा लामो अनुभव भएका चिकित्सक तथा विज्ञसँगको परामर्शका आधारमा कोरोनाविरूद्ध लड्ने तथा रोग प्रतिरोधी क्षमता कसरी विकास गर्न सकिन्छ भनेर 'प्रोटोकल' निर्माण गर्‍यो । उक्त प्रोटोकल गत जेठ १५ गते स्वास्थ्य तथा जनसत्त्या मन्त्री भानुभक्त ढकालले स्वीकृत गरेसँगै कार्यान्वयनमा आएको छ ।

विभागले सातै प्रदेशका सामाजिक विकास मन्त्रालय, आयुर्वेद अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र सबै स्वास्थ्य सेवा कार्यालयलाई परिपत्र गर्दै उक्त प्रोटोकल कार्यान्वयनमा जोड दिएको छ । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले पनि दुई अञ्चल आयुर्वेद औषधालय र ११ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाई उक्त प्रोटोकल कार्यावयन गर्न निर्देशन दिएको छ ।

प्रोटोकलमा आयुर्वेद औषधि, खानपान, योग, ध्यान तथा शारीरिक व्यायामको माध्यमबाट शरीरको प्रतिरोधी क्षमता बढाउन सकिने उल्लेख छ । साथै भान्छामा दैनिक प्रयोग गरिने मरमसलालगायत परम्परागत जडीबुटीबाट पनि प्रतिरोधी क्षमता बढाउन सकिने चिकित्सकहरू बताउँछन् । नेपालमा पनि कोभिड संक्रमण भएका व्यक्तिलाई प्रतिरोधी क्षमता अभिवृद्धि गर्ने विभिन्न प्रकारका आयुर्वेदिक औषधि खुवाइएको उदाहरण छन् ।

त्रिभुवन विश्वविद्यालय, आयुर्वेद शिक्षण अस्पताल कीर्तिपूरका निवर्तमान कार्यकारी निर्देशक प्रा डा डिबी रोका कोरोना रोकथामका लागि मुख्य औषधि पत्ता नलागेपनि आयुर्वेद एवं वैकल्पिक चिकित्साका उपचार विधि र औषधि प्रयोग गरी स□मणलाई केही हदसम्म कम गर्न सकिने बताउछन् । त्यसोतः आयुर्वेदमा महामारी नियन्त्रणमा सघाउ पुग्ने थुप्रै औषधि प्रयोगमा रहेको उनको भनाइ छ ।

महामारीको समयमा संक्रमित मात्र नभई स्वस्थ्य व्यक्तिले पनि शारीरिक तथा मानसिक रूपमा आफूलाई बलियो राख्नु अत्यावश्यक छ । शारीरिक रूपमा स्वस्थ राख्न दैनिक व्यायाम, पोषिलो खानेकुरा, प्रतिरोधी क्षमता बढाउने जडिबुटीयुक्त आहार सेवन गर्न सुझाव दिँदै उनले योगाभ्यास तथा ध्यानका माध्यमबाट मानसिक स्वास्थ्य हासिल गर्न सकिने बताए । सरकारले समुदायस्तरमा कोरोना संक्रमण फैलन नपाओस् भनेर अन्यन्त्रबाट आएका नेपाली तथा विदेशी नागरिकलाई क्वारेन्टिनमा राख्दै आएको छ । अन्य व्यक्तिमा संक्रमण नफैलियोस् भनेर संक्रमितलाई 'आइसोलेसन'मा राख्ने पनि गरिएको छ । सामान्यतयाः १४ दिन आइसोलेसनमा राखिने विश्वव्यापी प्रचलन भए पनि कतिपय अवस्थामा संक्रमितलाई दुई साताभन्दा बढी आइसोलेसनमा राख्नुपर्ने पनि देखिएको छ ।

'क्वारेन्टिन तथा आइसोलेनमा रहँदा मानिसहरू मानसिक तनावले गर्दा रोगसँग लड्ने शक्ति (इम्युनिटी पावर) झनै घट्दै जान्छ', प्राडा रोकाले भने, 'त्यसका लागि आयुर्वेद एवं वैकल्पिक चिकित्सामा वर्णन गरिएका योग अभ्यास एवं सत्तवाजय चिकित्साबाट उपचार गर्दा मानसिक तनावलाई कम गर्न सकिन्छ, साथमा वेद एवं आयुर्वेदको चरकसंहितामा वर्णन गरिएका तनाव कम गर्ने खालका औषधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ ।'

उनले मन्डुकपणि, ब्राम्मी, शत्पुष्पी, जोतिषमति, बोझो, जटामासी, अश्वगन्धा आदि औषधि प्रयोग गर्दा मानसिक स्वास्थ्य बलियो राख्न सकिने बताए।ँभाइरससँगै पूरै लड्न सक्ने शारीरिक रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न चरकसंहिताअन्तर्गत रसायन चिकित्साका लागि प्रयोग हुने औषधि जस्तो तुलसी, हरिद्रा, जेठीमधु, द्राक्ष्य, सतावरी, अमला, पाँचऔँले, चिराइतो, गुर्जो (गिलोइ), कपिकक्षु, भुइँअमला, बासा, हरितकी, पदमचाल, यार्सागुम्बा, मुसली, शिलाजित, निरमसीलगायत औषधिको साथमा प्राङ्गारिक र सुपाक्ष्य पौष्टिक खाना खानुपर्छ', उनले भने ।

जंकफुड भन्दा प्राकृतिकरूपमा पाइने गेडागुडी, दाल, हरियो, सागसब्जी, दूध र प्राकृतिक भिटामिन च्यावनप्राश खान उनले सुझाव दिए। प्रोटोकल बनाउने विज्ञ टोलीका सदस्यसमेत रहनुभएका प्राडा रोकाले भने, 'वेदमा लेखिएका कतिपय कुरा व्यवहारमा वैज्ञानिक र व्यवहारिक देखिएका छन् । त्यहीअनुसार आयुर्वेद ग्रन्थमा लेखिएको औषधि एवं चिकित्साका विधि किन प्रयोग नगर्ने ?'

भान्छामा दैनिक प्रयोग हुने टिमुर, खुर्सानी, लसुन, प्याज, बेसार, दालचिनी, ज्वानो, जिम्मु, धनियाँ, जिरालगायत मसलाबाट केही हदसम्म रोगको रोकथाम हुने सम्भावना बढ्ने आयुर्वेदज्ञाताले बताउँदै आएका छन् । बेसारले 'एन्टिसेफ्टिक', 'एन्टिटक्सिन' औषधिका रूपमा काम गर्दछ । यसका बारेमा अथर्वेद र आयुर्वेदमा पनि व्याख्या गरिएको छ ।

क्वारेन्टिन तथा आइसोलेनसमा बसेका मात्र होइन आम नागरिकले पनि आफूलाई शारीरिक र मानसिकरूपमा स्वस्थ राख्न प्राकृतिक आहार र दैनिक ध्यान तथा योगाभ्यास गर्न उनले सुझाव दिए । प्रतिरोधी क्षमता विकास गर्न सूर्य नमस्कार, गरूडाशन, भुजाङ्गशन, तडाशन, चतुराङ्ग दण्डाशन, आधोमुख श्वानाशनलगायत योगासन गर्न उनले सुझाव दिए । त्यस्तै भस्त्रिका, अनुलोमविलोम, भ्रामरी र कपालभाती प्राणायम गरेर पनि प्रतिरोधी क्षमता बढाउन सकिने उनको भनाइ छ ।

# दुईवटा सडकको कार्यसुचि र एउटा भवनको आईई स्वीकृत



◆ विकास संवाददाता

मकवानपुर जिल्ला समन्वय समिति मकवानपुरको बोर्ड बैठकले दुईवटा सडकको कार्य सुचि पारित र एउटा व्यवसायिक भवनको संक्षिप्त वातावरणिय अध्यन प्रतिवेदन (आईई) स्वीकृत गरेको छ । जिसस प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको ६८ औं बोर्ड बैठकले दुईवटा सडकको कार्य सुचि पारित गर्नुका साथै एउटा व्यवसयिक भवनको संक्षिप्त वातावरणिय अध्यन प्रतिवेदन (आईई) स्वीकृत गरेको हो ।

बैठकले जिल्ला समन्वय अधिकारीको संयोजक्त्वमा रहेको संक्षिप्त वातावरणिय अध्यन प्राविधिक उपसमितिबाट छानविन भई बोर्डमा सिफारीस साथ आएको भिमफेदी गाउँपालिका स्थित कोगटे महाभिर सडक र राक्सिराङ गाउँपालिका स्थित बोडवारी–परेवाभिर–रतुवा–डोलघारी सडकको कार्य सुचि पारित गर्ने निर्णय गरेको जिसस प्रमुख खुलालले जानकारी दिए ।

त्यस्तै बैठकले हेटौंडा–१० स्थित बस पार्कमा निर्माण हुन लागेको बस टर्मिनल अन्तरगतको भवन निर्माणको लागि उपसमितिबाट पेश भई आएको संक्षिप्त वातावरणिय अध्यन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरेको उनले जानकारी दिए । बैठकमा जिसस उपप्रमुख भगवती पुडासैनी, मन्वय अधिकारी आनन्दराज पोखेल, सदस्यहरू देवराज रिमाल, चित्र बहादुर बलामी, सिता अधिकारी, बुद्धि बहादुर मोक्तान, सानुकान्छि स्याङतानलगायतको उपस्थिती थियो ।

# मनहरीमा शिक्षक सरुवा र नियुक्ति व्यवस्थित गर्न कार्यविधि

◆ विकास संवाददाता

मनहरी गाउँपालिकामा सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको नयाँ नियुक्ति, सरूवा, पारस्पारिक सरूवा जस्ता बिषयलाईलाई व्यवस्थित गर्न कार्यविधि निर्माण भएको छ । विद्यालय व्यवस्थापन समितिले आफूखुसी सरूवा सहमति लगायतका क्रियाकलापहरू यसअघि गर्दै आइरहेकामा अब शिक्षा समितिको प्रत्यक्ष निगरानीमा मात्रै सरूवा सहमति तथा नयाँ नियुक्तिका कामहरू हुनेछन् ।

विद्यालय व्यवस्थापन समितिलाई समेत जिम्मेवार र संस्थागत बनाउन र बिगतमा हुने गरेका गलत क्रियाकलापहरू रोक्नका लागि गाउँपालिकाले कार्यविधि निर्माण गरेको हो । गाउँ शिक्षा समितिको बैठकमा पेस भएको कार्यविधि संशोधनसहित कार्यपालिका बैठकमा पठाउने निर्णय गरिएको छ । गाउँ शिक्षा समितिका अध्यक्ष समेत रहनु भएका मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेतीको अध्यक्षतामा बसेको बैठकले कार्यविधिलाई अक्षरसः पालना गरी शिक्षकहरूको नियुक्ति, परिक्षा, सरूवा लगायत बिषयहरूलाई व्यवस्थित गर्ने निर्णय गरेको हो ।

बैठकले बैकल्पिक सिकाई सहजीकरणलाई प्रभावकारी बनाउने, शिक्षकहरूलाई अनिबार्य विद्यालयमा उपस्थित गराइ शैक्षिक क्रियाकलापमा लगाइने निर्णय गरेको छ । आवश्यक स्वास्थ्य तथा सरसफाई सम्बन्धी मापदण्ड पूरा गरेर बैकल्पिक सिकाइ सहजीकरण निर्देशिका बमोजिम शैक्षिक क्रियाकलाप अघि बढाइने शिक्षा शाखा संयोजक हरिचन्द्र सापकोटाले बताए । गाउँ शिक्षा ऐनलाई टेकेर संघीय शिक्षा ऐनको भावनालाई समेत आत्मसात गरी कार्य विधि निर्माण गरिएको हो ।

मनहरीमा ३२ वटा सामुदायिक र ८ वटा निजी विद्यालयहरू रहेका छन् । ती विद्यालयहरूमा १० हजार विद्यार्थी अध्ययनरत छन् भने ३५० भन्दा बढी शिक्षकहरू कार्यरत छन् ।

# कैलाशमा ३१ स्थानीय कानून

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले हाल सम्म ३१ वटा स्थानीय कानून निर्माण गरेको छ । गाउँपालिकाको हरेक काम गर्नका लागि सहज होस भन्ने उदेस्यले आवश्यक कानून निर्माण गरिएको हो । करिव साढे ३ वर्षको अवधिमा ३१ वटा कानून निर्माण गरिएको अध्यक्ष टंक मोक्तानले बताए । सबै कानून कार्यान्वयनमा ल्याएको छ ।

गाउँपालिकाले प्रशासकिय कार्यविधि ऐन २०७५, कार्यसम्पादन नियमावली २०७४, कार्यविभाजन नियमावली २०७४, राजपत्र प्रकाशन



नियमावली २०७५, गाउँपालिकाबाट कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्वन्धमा बनेको ऐन, विपद् जोखिम न्युनिकरण तथा व्यावस्थापन गर्न बनेको ऐन निर्माण गरेर कार्यान्वयनमा ल्याइएको अध्यक्ष मोक्तानले बताए ।

यसैगरी गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, न्यायिक समिति कार्यविधि ऐन, पूर्वाधार विकास सम्वन्धी ऐन, कैलाश गाउँपालिका सेवा ऐन, पूर्वाधार व्यावस्थापन ऐन, सहकारी ऐन, कृषि यान्त्रिकरण कार्यविधि, उपभोक्ता समिति कार्यक्रम सञ्चालन निर्देशिका, गुनासो संबोधन तथा व्यावस्थापन कार्यविधि, जेष्ठ नागरिक कार्यविधि, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा व्यावस्थापन कार्यविधि युवा स्वरोजगार लक्षित कार्यक्रम कार्यविधि, कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, गाउँपालिकाको आर्थिक ऐन, एमुलेन्स सञ्चालन तथा व्यावस्थापन कार्यविधि, खरको छाना विस्थापन कार्यत्रम सञ्चालन कार्यबिधि लगायतका ऐन र कार्यविधि निर्माण गरेर कार्यान्वयनमा ल्याएको उनले बताए ।



# जनता आवासका लागि बागमती २ करोड ९९ लाख बजेट

◆ विकास संवाददाता

मकवानपुर जिल्लामा जनता आवासका लागि बागमती प्रदेश सरकार ले २ करोड ९९ लाख रूपैयाँ छुट्याएको छ । यही रकमबाट अब यस जिल्लामा २ सय घर निर्माण गरिने भएको छ ।

आर्थिक रूपले अति विपन्न तथा लोपोन्मुख र सीमान्तकृत समुदायका अति गरिबलाई निजी घरको व्यवस्था गर्न बजेट छुट्याइएको होरू। आर्थिक वर्ष ०७५।७६ देखि संघीय सरकारले जनता आवास कार्यक्रम प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो ।

चालु आवको यो बजेटबाट मकवानपुरमा २ सय भवन निर्माण गर्ने योजना छ । जनता आवास कार्यक्रम कार्यविधि तयार पारेर लाभग्राही छनोट कार्यक्रम अगाडि बढिसकेको बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

मकवानपुर चेपाङ र वनकरिया समुदायको बसोबास भएकाले आवास भवन निर्माण गर्नेको संख्या बढी छ । मकवानपुरमा आव ०६७ देखि नै जनता आवास कार्यक्रम सञ्चालित छ । ०६७ यता ७ सय घर निर्माण भइसकेका छन् । एउटा आवास निर्माण गर्न सरकारले लाभग्राहीलाई ३ लाख ३२ हजार ५ सय रूपैयाँ ३ किस्तामा प्रदान गर्ने गरेको सहरी विकास तथा भवन कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुरको ५ पालिकामा यो कार्यक्रम लागू भएको छ तर कार्यालयमा जनशक्ति कम भएका अनुगमन भने फितलो हुने गरेको छ ।

# रोकियो बालविवाह !

◆ विकास संवाददाता

कानूनीरूपमा दण्डनीय र सामाजिकरूपमा समस्याको रहेको बालविवाह रोक्न गाउँपालिका आफैले सक्रियता देखाएको छ । मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले एकजोडीको बालविवाह रोकेको हो । गाउँपालिकाकी उपाध्यक्ष हर्कमाया रूम्बाको नेतृत्वमा गएको टोलीले गाउँपालिकाको वडा नं. १ गुर्दुम डाँडामा भएको बालविवाह रोकेको गाउँपालिकाका कानूनी सहजकर्ता रामशरण शर्माले बताए ।

बालविवाह गरेका किशोरको परिवारले बालविवाह रोकिदिन आग्रह गरेपछि गाउँपालिकाकी उपाध्यक्ष रूम्बा, वडा नं. १ का अध्यक्ष आइतसिं लो, गाउँपालिकाको महिला बालबालिका शाखाकी प्रमुख मन्दिरा थापा, कानुनी सहजकर्ता रामशरण शर्मासहितको टोली सक्रिय भएको थियो । गाउँपालिकाका १८ वर्षीय किशोर र छिमेकी गाउँपालिका बकैया–४ की १७ वर्षीया किशोरीबीच भएको बालविवाह रोकिएको गाउँपालिकाकी उपाध्यक्ष हर्कमाया रूम्बाले बताइन् । बकैयास्थित आफन्तको घरमा गएको बेला बालविवाह गरेको खबर पाएपछि किशोरका परिवार तथा साथीहरूले किशोरलाई विवाह रोक्न सम्झाएका थिए । तर किशोरले नमानेपछि

> १८ वर्षीय किशोर र छिमेकी गाउँपालिका बकैया–४ की १७ वर्षीया किशोरीबीच भएको बालविवाह रोकिएको हो ।

गाउँपालिकाकै पहलमा बालविवाह रोकिएको हो ।

बालविवाह गरेका किशोरीलाई मनोसामाजिक परामर्शका लागि हेटौंडास्थित सिविन बाल हेल्पलाइनको कार्यालयमा पठाइएको छ । किशोरीलाई लिएर गाउँपालिकाकी उपाध्यक्ष रूम्बा आफै सिविन बाल हेल्पलाइनको कार्यालय पुगेकी थिइन् ।



## विद्यालय नखुलाउन थाहा नगरपालिकाको निर्देशन

◆ विकास संवाददाता

थाहा नगरपालिकाले नगरका विद्यालयहरूलाई साविकको जसरी विद्यालय नखुलाउन निर्देशन दिएको छ । १७ कात्तिकमा बसेको नगर शिक्षा समितिको बैठकले नगरका सबै विद्यालयहरूलाई प्रत्यक्ष पठनपाठन नगर्न र गरेको पाइए नियमबमोजिम कारबाही गर्नेगरी कडा निर्देशन दिएको हो ।

कतिपय विद्यालयहरूले विद्यार्थीहरूलाई विद्यालयमै बोलाएर पढाइर हेको भन्ने सूचना पाएको भन्दै शिक्षा समितिले त्यसो नगर्न निर्देशन दिएको छ ।

शिक्षा समितिले रेडियो, टेलीभिजन र अनलाइनबाट थप प्रभावकारी तवरले विद्यार्थीहरूलाई सिकाउन स्मरण गराएको छ ।

**यसैबीच** थाहा नगरपालिकाले नगरमा संचालित विद्यालयको विद्यार्थी विवरण मागेको छ । नगरमा रहेका विद्यालयहरूलाई एक सूचना जारी गर्दै नगरपालिकाको शिक्षा शाखाले शैक्षिक सत्र २०७७ को अद्यावधिक विद्यार्थी भर्ना विवरण माग गरेको हो ।

थाहा नगरपालिका शिक्षा शाखाले १९ कात्तिकमा एक सूचना प्रकाशित गरी शाखाबाट विभिन्न शैक्षिक योजना निर्माण गर्न आवश्यक भएकोले विद्यार्थी विवरण माग गरेको जनाएको छ । शाखाले विद्यालयमा हालसम्म भर्ना भएका विद्यार्थीहरूको विवरणको सफ्टकपी र हार्डकपी यही कात्तिक २३ गतेभित्र पेश गर्न विद्यालयहरूलाई सूचित गरेको छ ।

यदि अद्यावधिक विवरण पेश नगरे यसअघि बुझाएको विवरणलाई नै अन्तिम आधिकारिक विवरण मान्ने पनि नगर शिक्षा अधिकारी शोभाकर रेग्मीले बताए ।

## चित्लाङमा ऐतिहाँसिक कात्तिक नाच

# गुल-बकवलीको कथा सिद्ध



फोटो सौजन्यः निर्मल बलामी/चित्लाङ

◆ विकास संवाददाता

अघिल्लो दिनसम्म पानी पर्ने कुनै छाँट थिएन । १८ कात्तिक विहानै उठ्दा पानी परिरहेको होला भनेर धेरैले कल्पनासम्म गरेका थिएनन् । तर सानो र एक छिन भए पनि वर्षा भयो । १८ कात्तिक विहानको वर्षालाई चित्लाङ बासीले कात्तिके नाचसँग जोडेर हेरेका छन् । चित्लाङको माझगाउँमा बलामी जातिमा प्रचलित कात्तिके नाचअन्तर्गत गुल-बकवलीको कथामा प्रदर्शन हुने वर्ष हरेकपटक अनिवार्य रूपमा वर्षा हुन्छ भन्ने जनविश्वास छ । यो जन विश्वास यस वर्ष पनि सिद्ध भएको श्री स्वच्छन्द भैरब धार्मिक तथा साँस्कृतिक व्यवस्थापन समितिका सचिब निर्मल बलामीले बताए ।

सदाझैं यस वर्ष पनि कोजाग्रत पूर्णिमादेखि शुरू भएको कात्तिके नाचअन्तर्गत यस वर्षको कथा गुल-बकवलीको कथामा आधारित रहेको थियो ।

**के हो त गुल-बकवलीको कथा**

गुल-बकवलीको कथा मदन सेनको जन्मलिलासँग सम्बन्धित छ । खास गुल-बकवली एक प्रजातिको फूलको नाम हो । कथा अनुसार राजा चन्द्रसेनका दुईवटा श्रीमती थिए । पहिलो श्रीमतीबाट ४ वटा छोराहरू भए पनि दोस्रो श्रीमतीबाट बच्चा हुन सकेको थिएन । समयक्रममा दोस्रो श्रीमतीबाट पनि एक छोरो जन्मियो । दोस्रो श्रीमतीको कोखबाट जन्मिएको बच्चाको न्वारान गर्ने क्रममा पण्डितले उक्त बच्चा तेजस्वी हुने बताउँछन् । त्यतिमात्र होइन छोरासँग राजाको आँखा जुध्यो भने राजाको आँखाको ज्योति नष्ट हुने पण्डितले बताउँछन् ।

यसरी आँखा जुध्यो मात्र भने पनि राजा दृष्टिबिहिन हुने भएपछि बच्चालाई देश निकाला गरिन्छ । एकदिन राजा चन्द्रसेन आफ्नो मन्त्रीसहित शिकार खेल्न जान्छन् । मृगलाई पछ्याउँदै जाँदा राजा आफ्नो टोलीबाट छुट्छन् । त्यहीक्रममा राजाको भेट देश निकाला गरिएका छोरा मदनसेनसँग हुन्छ । छोरासँग आँखा जुधेको हुनाले राजा तत्कालै दृष्टिबिहिन हुन्छन् । दृष्टिविहिन भएपछि जंगलमै अलमलिएका राजालाई मन्त्रीहरूले खोजेर दरवारमा ल्याउँछन् ।

राजाले आँखा नदेख्ने कुरा प्रष्ट भएपछि दरवारमा बैद्यलाई बोलाइन्छ । बैद्यले गुल-बकवली फूलले सफा गरे दृष्टि फर्किने कुरा बताउँछन् । त्यसपछि राजाका पहिलो श्रीमतीका ४ छोराहरू गुल-बकवली फूल खोज्न जंगल जान्छन् । जंगलमा उनीहरूले फूल भेट्छन् । तर ल्याउने क्रममा मदन सेनसँग भेट हुन्छ र उनहरूबीच फूल खोसाखोस हुन्छ । त्यस क्रममा ती चार छोराहरूको समूहले जितेर फूल ल्याउँछन् । उक्त फूलले सफा गर्दा आँखामा सुधार नआएपछि थाहा हुन्छ कि उक्त गुल-बकवली फूल नक्कली र हेछ । यो कुरा मदन सेनले पनि थाहा पाउँछन् र सक्कली गुल-बकवली फूल लिएर दरवार फर्किन्छन् । उक्त फूलले सफा गरेपछि राजाले आँखा देख्छन् । ३ दिन दिनसम्म देखाइने नाच यही कथामा आधारित छ । यदि कुनै वर्ष ऐतिहासिक तथा पौराणिक कथामा आधारित भएर नाच देखाउन नसके पनि देउता, बाठोः, ख्याक, बनियाँ, सिकारी, कोः आदि अनिवार्य रूपमा नचाउनु पर्ने सचिव बलामीले बताए ।

पाटन र कीर्तिपुरबाट स्थानान्तरण भएर आएका चित्लाङका नेवार समुदायले करिब ७ सय वर्षदेखि यो जात्रा दशैंको कोजाग्रत पुर्णिमादेखि तीन दिनसम्म सञ्चालन गर्ने गर्छन् । तत्कालिन समयमा पाटनबाट एक दिनको लागि सापटी ल्याएको नाच दुई दिन थप गरी तीन दिनसम्म देखाउने गरिएको स्थानीय बुद्धरत्न मानन्धरले बताए । जात्रामा बनिया र बाठो नाच पनि प्रदर्शन गर्छन् । बनिया नाच चित्लाङको मौलिक नाच हो । स्थानीयका अनुसार निरन्तर रूपमा वर्षेनी संचालन गर्दै अएको जात्रा बीचमा एक, दुई वर्ष रोकिँदा गाउँमा रोग व्याधीले सतायो त्यसैले मेलालाई निरन्तरता दिइरहेको छ ।

## पालुङ स्वास्थ्य केन्द्रमा सेवा नियमित शुरु

◆ विकास संवाददाता

आगामी कात्तिक २३ गतेबाट पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका सबै सेवा सुचारू हुने भएको छ । गएको ८ कात्तिक मा संस्थामा कार्यरत एकजना स्वास्थ्यकर्मीलाई कोरोना भाइरस संक्रमण पुष्टि भएपछि स्वास्थ्य केन्द्रको सेवा प्रभावित भएको थियो ।

कात्तिक ८ गतेदेखि एक साता पूरै बन्द भएको स्वास्थ्य केन्द्रमा गत कात्तिक १६ गतेदेखि भने आकस्मिक सेवा शुरू भएको थियो । २३ कात्तिकबाट भने ओपिडिसहित स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने सबै सेवाहरू सुचारू हुने स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका उपाध्यक्ष राजिव स्याङ्तानले जानकारी दिए ।

## थाहानगरको नदीजन्य पदार्थको मौज्दात प्रमाणित

◆ विकास संवाददाता

ढुंगा, गीट्टी बालुवा जिल्ला अनुगमन तथा समन्वय समितिले जिल्लाका बाँकी रहेका तीन पालिकाको नदिजन्य पदार्थ (ढुंगा, गीट्टी, बालुवा)को मौज्दात प्रमाणित गरेको छ । अनुगमन समितिका संयोजक रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले जिल्लाको थाहा नगरपालिका, ईन्द्रसरोवर र राक्सिराङ गाउँपालिकाको नदिजन्य पदार्थको स्टक प्रमाणित गरेको हो ।

ढुंगा, गिट्टी, बालुवाको प्रमाणिकरणका लागि डिभिजन वन कार्यालयका प्रमुखको नेतृत्वमा गठित उपसमितिले पेश गरेको स्टक प्रमाणित प्रतिवेदनलाई बैठकले स्वीकृत गरेको समितिका संयोजक खुलालले जानकारी दिए । उपसमितिले पालिकाहरूमा स्थलगत रूपमा (नदिजन्ढुंय पदार्थ) ढुंगा, गीट्टी, बालुवाको नापजाँच गरेर तयार पारेको स्टक प्रतिवेदनलाइ समितिले स्वीकृत गर्ने निर्णय गरेको उनले बताए । समितिले जिल्लाको हेटौंडा उपमहानगरपालिका, भीमफेदी, मनहरी, गढी र बकैया गाउँपालिकाको नदिजन्य पदार्थको स्टक यस अघि नै प्रमाणित गरिसेको छ । त्यस्तै बसेको बैठकले स्टक प्रमाणित भएका पालिकाहरूमा फरक मौजदात देखिएको जफत योग्य ढुंगा, गीट्टी, बालुवालगायत नजिदन्य पदार्थहरू तत्काल राजस्व संकलन गरि अनुगमन समितिलाई जानकारी गर्न निर्देशन दिने निर्णय समेत गरेको उनले बताए ।


## ५० प्रतिशत अनुदानमा उन्नत बोयर बोका

◆ विकास संवाददाता

इन्द्रसरोवर गाउँपालिकाले पालिकाका बाख्रापालक किसानलाई बोयर जातको बोका वितरण गर्ने भएको छ ।

गाउँपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्ययोजना अनुसार बोका वितरण गर्न लागेको गाउँपालिकाका पशु प्राविधिक नविनकुमार अधिकारीले बताए । गाउँपालिकाले प्रत्येक वडाका व्यवसायिक रूपमा बाख्रापालन गर्दै आएका फर्म तथा व्यक्तिलाई बोका वितरण गर्ने उनले जानकारी दिए ।

गाउँपालिकाले ५० प्रतिशत अनुदानमा बोका वितरण गर्ने जनाएको छ । कृषकले अनुदान प्राप्त गर्न वडा कार्यालयमै निवेदन दिन सक्नेछन् । प्रत्येक वडाका २ जना कृषकलाई ३० देखि ३५ केजीको एउटा बोयर जातको बोका वितरण गरिनेछ । चालु आर्थिक वर्षमा कार्यान्वयन गर्न लागेको यो कार्यक्रम गाउँपालिकाको नयाँ कार्यक्रम भएको सहायक पशु प्राविधिक अधिकारीले बताए ।



चौतारी

## विसिङ्खेलमा चौतारी निर्माण गरियो

◆ विकास संवाददाता

स्थानीय पर्यटन प्रवर्धनमा टेवा पुर्‍याउन थाहा नगरपालिका-१० बिसिङ्लका युवाहरूले चौतारी निर्माण गरेका छन् । स्थानीय खरिडाँडामा रहेको बर-पीपलको छहारीमा युवाहरूले चौतारी निर्माण गरेको बिसित्ल युवा क्लबले जनाएको छ ।

१७ कात्तिक विहानैदेखि खरिबोटमा जम्मा भएका युवाहरूले चौतारी निर्माण गरेका हुन् । चौतारीका लागि आवश्यक सिमेन्ट, बालुवा, ढुङ्गा र गिट्टी बिसिङ्खेल सडक निर्माणका ठेकेदार कम्पनीले उपलब्ध गराएको थियो ।

चम्पाकेश्वर, सीतापाइला, अल्पका फार्म, जैतुन खेती, आइतबारे डाँडा, खरिडाँडा गुफा, ढुङ्गे धारा, जातीय विविधता लगायतले बिसिरेल क्षेत्र थाहानगरको पर्यटकीय गन्तव्य रही आएको छ । स्थानीय युवाहरूले सार्वजनिक ठाउँमा चोतारो बनाएकोमा स्थानीयहरले खुशी व्यक्त गर्दै धन्यवाद दिएका छन् ।

# निर्माणाधिन चित्लाङ चन्द्रागिरी सडक बन्द

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरलाई काठमाण्डौं जोड्ने सबैभन्दा छोटो दुरीको मार्ग चित्लाङ-थानकोट (गणेशमान सिं मार्ग) सडक १९ कात्तिकबाट अर्को सूचना नहुँदासम्मको लागि बन्द भएको छ ।

चित्लाङ-चन्द्रागिरी-थानकोट सडक अर्न्तगत चन्द्रागिरी-थानकोट सडक खण्डको सेतो पहरामा कटिङको कार्य भईरहेकोले १९ कात्तिक विहानट सवारी आवागमन बन्द भएको चित्लाङ चन्द्रागिरी थानकोट सडक निर्माण सरोकार समितिले जनाएको छ ।

अर्को सूचना नहुँदा सम्मको लागि चित्लाङ-थानकोट सडकमा यातायात बन्द गरिएको समितिका सदस्य रामशरण नेपालले जानकारी दिए । समितिले सूचना प्रकाशन नै गरेर बाटो बन्द भएको जानकनारी गराएको हो । हाललाई सो सडक भएर गुड्ने सवारीलाई बैकल्पिक बाटो प्रयोग गर्न सूचनामा भनिएको छ ।



# 'पर्यटन प्रवर्द्धन गरौं'-नगर प्रमुख



◆ विकास संवाददाता

थाहा नगरपालिकाका प्रमुख लवशेर बिष्टले पर्वतीय वनस्पति उद्यान दामनलाई पर्यटन प्रबर्धन तथा अध्ययन-अनुसन्धानको दृष्टिले विकास गरिनु पर्ने बताएका उनले उद्यानमा उत्पादित जडिबुटीहरूलाई बजारीकरण गर्न सकिने र वार्षिकरूपमा वनस्पति महोत्सवको आयोजना गरी आर्थिक तथा पर्यटकीय लाभ लिन सकिने विचार व्यक्त गरे ।

वानस्पतिक अनुसन्धान तथा पर्यटन प्रवर्धनसम्बन्धी आयोजना गरिएको कार्यक्रममा उनले वनस्पति उद्यान थाहा नगरको ठूलो सम्पत्ति भएको जिकिर गरे। कार्यक्रममा क्रममा जिल्ला वनस्पति कार्यालयमा भर्खरै प्रमुखको रूपमा आएका रघुराज पराजुलीले नेपालमा रहेका ११ वटा वनस्पति उद्यान मध्ये दुईवटा थाहा नगरमा हुनु धेरै महत्वपूर्ण विषय रहेको बताए ।

कार्यक्रममा बोल्दै उहाँले दामनको वनस्पति उद्यान नेपालको एकमात्र पर्वतीय वनस्पति उद्यान रहेको उल्लेख गरे । उनले उद्यानको संरक्षणमा जोड दिनु पर्ने बताए । दामनको पर्वतीय वनस्पति उद्यानलाई पर्यटनसँग जोड दिनु पर्ने बताउँदै पराजुलीले निकट भविष्यमा नै उद्यानभित्र पैदलमार्ग निर्माण सम्पन्न गरिने बताए ।

यसैगरी कार्यक्रममा थाहा नगर पालिका वडा नं. ४ का वडाध्यक्ष दिपकसिं लामा र करूणाभूमि सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बिनोदकुमार लामाले वनस्पति उद्यानलाई प्रमुखतः अध्ययन, अनुसन्धान र वातावरण मैत्री पर्यटन क्षेत्रको रूपमा अघि बढाउनुपर्नेमा जोड दिए । उद्यानभित्र रहेका विभिन्न वनस्पतिहरूको संरक्षण हेतु तारबार अनिवार्य गर्नुपर्नेमा उहाँहरूको जोड रहेको थियो । कार्यक्रममा स्थानीय पर्यटन ब्यबसायी तथा एभरेष्ट युवा बिकास क्लबका महासचिव दावा शेर्पा लगायत स्थानीय बासिन्दा र वनस्पति कार्यालयका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

## थाहा नगरपालिका कृषि विकास शाखाको जरुरी सूचना !

(प्रथम पटक प्रकाशित २०७७ कार्तिक १८ गते)

थाहा नगरपालिकाको मलखाद आपूर्ति तथा व्यवस्थापन समितिको २०७७/०७/१७ को निर्णय अनुसार थाहानगर भित्र मलखाद आपूर्तिका लागि स्थानीय सहकारी संस्था, फर्म, तथा कम्प्नीहरुलाई मलखाद वितरणका लागि डिलरसिप दिनूपर्ने भएकोले इच्छुक सहकारी संस्था, फर्म, तथा कम्पनीले तपशिलका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र थाहा नगरपालिका मलखाद आपूर्ति तथा व्यवस्थापन समितिको कार्यालय कृषि शाखामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु:

१. निवेदन-१ प्रति
२. सहकारी संस्था फर्म तथा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी -१ प्रति
३. विगत दुई आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन - १/१ प्रति
४. पान दर्ता/कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी - १ प्रति
५. अनुभव कार्यदक्षता, कार्य क्षमताको विवरण
६. सम्बन्धीत वडा कार्यालयको सिफारिस - १ प्रति
७. नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण

*थप जानकारीका लागि मोबाइल नं. ९८४५१०३३४१ र ९८४५०७२२००*


**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## यातायात सञ्चालन बन्द गरिएको सम्बन्धी सुचना !

चित्लाङ-चन्द्रागिरी-थानकोट सडक (गणेशमान सिंह मार्ग) अर्न्तगत थानकोट चन्द्रागिरी सडक खण्डको सेतो पहरा कटिङ्गको कार्य भईरहेका हुँदा यहि मिति २०७७ कात्तिक १९ गते विहानबाट अर्को सुचना नहुँदासम्मका लागि यातायात सञ्चालन पुर्ण रुपमा बन्द गरिएकाले यस सडक भएर संचालन हुने सावरी साधनहरु बैकल्पिक बाटो प्रयोग गरी संचालन गर्नु गराउनु हुन सम्बन्धित सम्पूर्णमा जानकारीका यो सूचना प्रकाशन गरिएको छ ।

**चित्लाङ-चन्द्रागिरी-थानकोट सडक निर्माण सरोकार समिति**
**थाहा नगरपालिका**

पलपलको खबरका लागि : thahatimes.com




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी